# आर्थिक वर्ष २०७१/७२ को नेपाल सरकारको नीति तथा कार्यक्रम अन्तर्गत काठमाडौं उपत्यका सम्बन्धीबुँदाहरु

३९. काठमाडौं - तराई /मधेस द्रुतमार्ग निर्माण कार्य शुरु गरिनेछ।

४०. काठमाडौं उपत्यका सडक विस्तार कार्यक्रमलाई उच्चप्राथमिकतादिइनेछ । चक्रपथविस्तारका साथै रणनीतिक सडकहरुमा नियमित, पटके र आकस्मिकमर्मत, पुनर्निमाण तथापुन:स्थापना सम्बन्धीकार्यहरु योजनाबद्ध रुपले सम्पन्नगरिनेछ।

४१. वातावरण मैत्री सवारी तथायातायातनीतितर्जुमा गरी कार्यान्वयनमाल्याइनेछ । काठमाडौं उपत्यकामातोकिएको मापदण्ड पुरा गर्ने यात्रुबाहक साधनको प्रयोगलाई प्रवर्द्धन गरिनेछ।

४३. सहरी विकासलाई टेवा पुऱ्याउन काठमाडौं उपत्यकाको भौतिकविकास र व्यवस्थापनको तत्कालीन र दीर्घकालीन योजनातर्जुमा गरी एकीकृत काठमाडौं उपत्यकाविकास कार्यक्रमलागु गरिनेछ। खुला र सफा काठमाडौंको अवधारणा अनुरुपकाठमाडौं उपत्यकाकाविभिन्न स्थानमा बगैंचातथा खेल मैदाननिर्माण गरिनेछ।

४४. बागमतीनदीको सुन्दरीजलदेखि सुन्दरीघाटसम्मको क्षेत्रमा ढल निर्माण सम्पन्नगरिनेछ । विष्णुमती, रुद्रमती, मनोहरा, इच्छुमती, हनुमन्ते जस्ता बागमतीनदीकाप्रमुख सहायकनदीहरुमाएकीकृत तथमव्यवस्थित ढल प्रणली निर्माणको कार्य यसै वर्ष अगाडि बढाइनेछ।

५०. काठमाडौं उपत्यकालगायतका सहरी क्षेत्रहरुमाफोहरबाट ऊर्जा उत्पादनगर्ने कार्यक्रमआगामीआर्थिक वर्षदेखि कार्यान्वयनमाल्याइनेछ।

७८. खेलकुदविकासको गुरुयोजनातयार गरी कार्यान्वयनमाल्याइनेछ ।अन्तर्राष्ट्रिय खेल परिसर र केन्द्रिय खेलकुद एकेदेमीको निर्माण कार्य प्रारम्भगरिनेछ। काठमाडौंको मुलपानीमाअन्तर्राष्ट्रिय स्तरको क्रिकेट मैदाननिर्माण कार्यलाई प्राथमिकताका साथअघि बढाइनेछ।

८५. मुलुकमाशान्तिर सुव्यवस्थाकायम गरी जनताको जीउधनतथा सार्वजनिक सम्पत्तिको सुरक्षा गरी भयमुक्तवातावरणको अनुभूति गराइनेछ । सुरक्षा प्रणालीलाई अझै सुदृढ, भरपर्दो र विश्वसनीयबनाउनकोलागि काठमाडौं उपत्यका र अन्य सहरहरुका संवेदनशील क्षेत्रहरुमा सि.सि.टि.भि. जडान गरी अनुगमनगरिनेछ।

९१. दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को नेपालमाहुने अठारौं शिखर सम्मेलन सम्पन्न गरीनेछ।